**निर्णय नं. १**

अत्यावश्यक कार्यका लागि बाहेक सामान्यतया घर बाहिर ननिस्कन, सरकारी/सार्वजनिक/निजी कार्यालयहरूमा अन्यावश्यक नभई नजान, ठूलो संख्यामा मान्छे भेला गराई सामाजिक स्तरको पंचयती/मेलमिलाप सम्बन्धी कार्य नगर्न/नगराउन, भोज भतेर जस्ता आयोजन नगर्न भीड-भाडबाट टाढा बस्न, धार्मिक भेलाहरू नगर्न, मठ-मन्दिरहरूमा मन्दिरका तर्फबाट हुने नियमित पूजा-पाठ बाहेकका गतिविधी संचालन नगर्न तथा सार्वजनिक सवारी साधन प्रयोग गरी अनाबश्यक यात्रा नगर्न सम्पूर्ण जिल्लावासीलाई आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

विभिन्न पालिकाहरूमा संचालित साप्ताहिक हाटबजारलाई दैनिक हाटबजारमा परिवर्तन गरी फराकिलो स्थानमा भीडभाड नहुने गरी संचालन गर्न तथा त्यस्ता स्थानहरूमा अनिवार्य रूपमा हातधुने व्यवस्था गर्न, नियमित अन्तरालमा सरसफाईको व्यवस्थापन गर्न जिल्लाका स्थानिय तहहरूलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

जिल्लामा संचालित सबै प्रकारका होटेल, मोटेल, रिर्सोट, मदिरा पसल, रेस्टुरेन्ट आदिलाई तत्कालका लागि बन्द गर्ने वा संचालन गरिएमा हात धुने/Sanitizer को व्यवस्था गर्न, Thermal Gun सहितको स्वास्थ्यकर्मीबाट प्रत्येकको अनिवार्य रूपमा चेकजाँच गर्ने व्यवस्था मिलाउन र सरसफाई/डिसइनफेक्सन सम्बन्धी सम्पूर्ण व्यवस्था मिलाउन सम्बन्धित व्यवसायी/सरोकारवाला सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

अत्यावश्यक वस्तु/सेवा विक्री बितरण गर्ने पसल, व्यापार, प्रतिष्ठान बाहेकका अन्य पसलहरू बन्द गर्न उद्योग वाणिज्य संघ सप्तरी तथा सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

०७६/१२/९

प्रमुख जिल्ला अधिकारी